मिति २०७५।६।१८ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

१. **निर्णय नं. १:-** वडा नं. १ को कार्यालय तत्काल व्यवस्थापन गर्ने र सो प्रयोजनका लागि बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रही खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

२. **निर्णय नं. :-** बडा दशैंमा गर्ने दुर्गा पुजा कार्यक्रमका लागि प्रति दुर्गा पुजा समितिका लागि एकमुष्ठ रु. २०००।- (दुई हजार) प्रदान गर्ने निर्णय गरियो ।

३. **निर्णय नं. ३ :-** न्यायिक समितिबाट सम्पादन गरिने न्याय सम्बन्धी कार्यन्वयन सेवामका कर्मचारीको अभावमा प्रभावकारी रुपमा सम्पादन हुन सकेको र कार्यालयका कर्मचारीहरुमा समेत न्याय सम्बन्धी ज्ञानकको अभाव रहेका कारण प्रभावकारी रुपमा कार्य सम्पादन गर्न एक जना नायव सुब्बा (न्याय) को कार्मचारी दैनिक ज्यालादारीमा नियुक्ति दिई कामकाजमा लगाउने निर्णय गरियो ।

४. **निर्णय नं. ४ :-**प्रत्येक वडा कार्यालयले आश्वीन ३० गते भित्र अनिवार्य रुपमा सरसफाई अभियान संचालन भब्यताका साथ संचालन गर्ने निर्णय गरियो ।

५. **निर्णय नं. ५ :-** गाउँपालिका राष्ट्रिय महासंघ नेपालकको प्रदेश अधिवेशनमा सहभागीताका लागि लाग्ने २५०००।- (पच्चिस हजार मात्र) २००००।- वार्षिक सदस्यता शुल्क र ५०००।- सहभागिता शुल्क भूक्तानी दिने निर्णय गरियो ।

६. **निर्णय नं. ६ :-** रुपन्देही जिल्ला बार एशोसियसनलाई रु.५०००।- श्री नवयुवा सांस्कृतिक परिवार ठुटीपीपललाई सांस्कृतिक कार्यक्रम संचालन गर्न १००००।- श्री दिप युवा क्लव खुन्सालाई सांस्कृतिक कार्यक्रमका लागि रु.१००००।- श्री तहजिया मेला व्यवस्थापन समितिलाई मेला संचालनका लागि २००००।- तीजगीत प्रतियोगिता संचालन गर्न पारिजात आमा समूह, बरौलियालाई १५०००।- र कर्मचारी मिलन केन्द्रलाई २५०००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

७. **निर्णय नं ७ :-** **i)** गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरुलाई गाउँपालिकामा आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

i)अध्यक्षज्यूको कार्यकक्षमा हुने कामकाज र उपाध्यक्षज्यूको कार्यकक्षमा एवं न्यायिक समितिको कार्यकक्षमा सहजीकरण गर्न एक जना सहायक कम्प्युटर अपरेटर दैनिक ज्यालादारीमा राखी कामकाजमा लगाउने निर्णय गरियो ।

८. निर्णय नं. ८ :- गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका मुद्धा/उजुरीहरु प्रतिवाद गर्दा लाग्ने सम्पूर्ण खर्च गाँ.पा. बाट गर्ने र प्रतिउत्तर पत्र लगाउन जानु पर्ने भएमा यस कार्यालयका ना.सु. खगेन्द्र ढुगांनालाई पठाउने निर्णय गरियो ।